# गोरखापत्र संस्थानका प्रकाशनमा
# कृत्रिम बौद्धिकता/बुद्धिमत्ता (एआई) प्रयोगसम्बन्धी नीति- २०८२

गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं ।

## १. प्रस्तावना

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै विश्वमा कृत्रिम बौद्धिकता/बुद्धिमत्ता (एआई) प्रविधिको प्रयोग द्रुत गतिमा विस्तार भइरहेको छ । पत्रकारितामा एआईको प्रयोग मिडिया अन्तरवस्तु (समाचार उत्पादन, सम्पादन, वितरण, अभिलेखीकरण, तस्बिर, चित्र, ग्राफिक्स, ध्वनि, भिडियो) तथा पाठकसँगको अन्तर्क्रियामा भइरहेको छ । यस क्षेत्रमा एआईले नयाँ सम्भावना सिर्जना गर्नुका साथै गम्भीर नैतिक, कानुनी, व्यावसायिक तथा संस्थागत चुनौतीहरू समेत थपेको छ ।

नेपालको सबैभन्दा पुरानो तथा सार्वजनिक उत्तरदायित्व वहन गर्ने सञ्चार संस्था 'गोरखापत्र संस्थान' ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, राष्ट्रिय हित, समावेशिता, निष्पक्षता र विश्वसनीयताको संरक्षण गरी पत्रकारिता गर्दै आएको छ । यस्ता मूल्य र मान्यतालाई अक्षुण्ण राख्दै आधुनिक प्रविधिको उपयोग गर्नु वर्तमान आवश्यकता बनेको छ ।

एआईको अव्यवस्थित, अनियन्त्रित वा असावधानीपूर्वक प्रयोगले समाचारको सत्यता, सम्पादकीय स्वायत्तता, स्रोतको गोपनीयता, पाठकको विश्वास तथा पत्रकारिताको नैतिक आधार कमजोर हुन सक्ने जोखिम रहेको छ । त्यसैले गोरखापत्र संस्थानअन्तर्गतका सबै प्रकाशन तथा डिजिटल माध्यममा एआईको प्रयोगलाई स्पष्ट नीति, मार्गदर्शन र संस्थागत नियमनभित्र राख्न आवश्यक देखिएको छ ।

तसर्थ गोरखापत्र संस्थानका सबै प्रकाशनमा लागू हुने गरी एआई प्रयोगसम्बन्धी यो नीति तर्जुमा गरी गोरखापत्र संस्थान सञ्चालक समितिको निर्णय अनुसार लागू गरिएको छ ।

## २. पृष्ठभूमि

### २.१ विश्वव्यापी सन्दर्भ

विश्वका प्रमुख सार्वजनिक तथा निजी सञ्चार संस्थाहरूले पछिल्ला वर्षमा एआई प्रविधिलाई समाचार सङ्कलन, तथ्य विश्लेषण, भाषा सम्पादन, अनुवाद, डाटा पत्रकारिता, सामग्री सिफारिस प्रणाली तथा पहुँच विस्तार, तस्बिर, चित्र, ग्राफिक्स, ध्वनि, भिडियो लगायत सिर्जना गर्न प्रयोग गर्दै आएका छन् । एआईका कारण तथ्यगत त्रुटि, पूर्वाग्रहयुक्त सामग्री, भ्रामक सूचना तथा सम्पादकीय जिम्मेवारीसम्बन्धी विवाद उत्पन्न भएका उदाहरणहरू पनि देखिएका छन् । यसले पत्रकारितामा एआई प्रयोग गर्दा स्पष्ट नीति, मानव नियन्त्रण र पारदर्शिता अनिवार्य रहेको छ ।

### २.२ राष्ट्रिय सन्दर्भ

नेपाल सरकारले एआईको विकास, प्रयोग र नियमनका लागि राष्ट्रिय एआई नीति-२०८२ तर्जुमा गरी कार्यान्वयनको चरणमा अघि बढाएको छ । राष्ट्रिय नीतिमा एआईको प्रयोग मानव केन्द्रित, नैतिक, पारदर्शी र उत्तरदायी हुनुपर्ने स्पष्ट व्यवस्था गरिएको छ ।

सूचना तथा सञ्चार क्षेत्र, विशेषतः पत्रकारिता क्षेत्रमा एआईको प्रयोग गर्दा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, गोपनीयता, बौद्धिक सम्पत्ति अधिकार र सार्वजनिक उत्तरदायित्वका विषय विशेष संवेदनशील हुने भएकाले यस क्षेत्रमा छुट्टै संस्थागत नीति आवश्यक रहेको महसुस गरिएको छ ।

### २.३ संस्थागत सन्दर्भ

गोरखापत्र संस्थानअन्तर्गत गोरखापत्र दैनिक, दि राइजिङ नेपाल, मधुपर्क, युवामञ्च, मुना, गोरखापत्र अनलाइन डटकम र राइजिङ नेपाल डेली डटकम र सोसल मिडिया सञ्चालनमा छन् । यी सबै माध्यमको प्रकृति, लक्षित पाठक/दर्शक/प्रयोक्ता, भाषा र सामग्री स्वरूप फरक-फरक भए पनि सम्पादकीय मूल्य र संस्थागत उत्तरदायित्व समान छन् ।



गोरखापत्र संस्थान २०२०

यस नीतिले संस्थानका सबै प्रकाशनमा एकरूपता कायम गर्दै आवश्यक लचिलोपन प्रदान गर्ने उद्देश्य राखेको छ ।

**३. नीतिको आवश्यकता**

गोरखापत्र संस्थानमा एआई प्रयोगसम्बन्धी नीति आवश्यक हुनुका प्रमुख कारण देहायबमोजिम छन् :

३.१ एआई प्रयोगसम्बन्धी स्पष्ट मार्गदर्शनको अभावमा पत्रकार तथा कर्मचारीले व्यक्तिगत विवेकका आधारमा प्रविधि प्रयोग गर्ने अवस्था सिर्जना हुनु ।

३.२ समाचारको सत्यता र विश्वसनीयतामा असर पर्ने सम्भावना ।

३.३ स्रोत र पाठकको गोपनीयता उल्लङ्घन हुने जोखिम ।

३.४ सम्पादकीय उत्तरदायित्व कसको भन्ने विषयमा अस्पष्टता ।

३.५ राष्ट्रिय एआई नीति तथा अन्तर्राष्ट्रिय अभ्याससँग संस्थागत सामञ्जस्य आवश्यक हुनु ।

यी सबै पक्षलाई सम्बोधन गर्न औपचारिक, लिखित र कार्यान्वयनयोग्य नीति आवश्यक देखिएकाले यो नीति तयार गरी लागू गरिएको छ ।

**४. नीतिका उद्देश्य**

यस नीतिका उद्देश्य देहायबमोजिम छन् :

४.१ गोरखापत्र संस्थानअन्तर्गतका सबै प्रकाशन तथा डिजिटल माध्यममा एआई प्रयोगलाई स्पष्ट, सुरक्षित र जिम्मेवार बनाउनु ।

४.२ एआईलाई पत्रकारिताको सहायक उपकरणका रूपमा सीमित राख्दै मानव सम्पादकीय नियन्त्रण सुनिश्चित गर्नु ।

४.३ समाचारको सत्यता, निष्पक्षता, विश्वसनीयता र सार्वजनिक उत्तरदायित्व कायम राख्नु ।

४.४ स्रोत, पाठक र कर्मचारीको गोपनीयता तथा अधिकार संरक्षण गर्नु ।

४.५ राष्ट्रिय एआई नीति, प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय पत्रकारिता मूल्यसँग संस्थागत सामञ्जस्य कायम गर्नु ।

**५. नीतिको क्षेत्र**

यो नीति गोरखापत्र संस्थानका सबै प्रकाशन तथा प्रशासन लगायतका क्षेत्रमा लागू हुनेछ :

५.१ छापा माध्यम ।

५.२ डिजिटल तथा अनलाइन माध्यम ।

५.३ अडियो, भिडियो तथा मल्टिमिडिया सामग्री ।

५.४ सामाजिक सञ्जालमार्फत प्रकाशन हुने सामग्री ।

५.५ समाचार सङ्कलन, सम्पादन, अनुवाद, अभिलेख, डाटा विश्लेषण, वितरण प्रक्रिया तथा तस्बिर र स्केच संस्थानका स्थायी, करार, ज्यालादारी, अस्थायी, परामर्शदाता, लेखक/पत्रकार तथा सामग्री आपूर्तिकर्ता सबैका लागि यो नीति बाध्यकारी हुनेछ ।

गोरखापत्र संस्थान २०२०

६. परिभाषा

यस नीतिमा, सन्दर्भअनुसार देहायका शब्दहरूको अर्थ यस प्रकार हुनेछ :

६.१ 'एआई' भन्नाले कम्प्युटर वा डिजिटल प्रणालीमा आधारित त्यस्तो प्रविधि बुझाउँछ जसले मानवजस्तै सिक्ने, विश्लेषण गर्ने, अनुमान गर्ने, सामग्री सिर्जना गर्ने वा निर्णयमा सहयोग गर्ने कार्य गर्दछ।

६.२ 'जेनेरेटिभ एआई' भन्नाले (समाचार उत्पादन, सम्पादन, अनुवाद, तस्विर, चित्र, ग्राफिक्स, ध्वनि, भिडियो वा अन्य सामग्री) सिर्जना गर्न सक्ने एआई प्रणालीलाई जनाउँछ।

६.३ 'मानव सम्पादकीय नियन्त्रण' भन्नाले एआई प्रयोगबाट तयार भएको सामग्रीको अन्तिम परीक्षण, सम्पादन, स्वीकृति तथा प्रकाशनको जिम्मेवारी मानव सम्पादक वा पत्रकारले वहन गर्ने प्रक्रियालाई बुझाउँछ।

६.४ 'एआई सहयोगी सामग्री' भन्नाले समाचार वा अन्य सामग्री तयार गर्दा कुनै न कुनै रूपमा एआई उपकरणको सहयोग लिइएको सामग्रीलाई जनाउँछ।

६.५ 'एआई नीति' भन्नाले गोरखापत्र संस्थान सञ्चालक समितिद्वारा गोरखापत्र संस्थानका सबै प्रकाशन तथा प्रशासन संयन्त्रमा लागू गर्न तयार गरिएको एआई नीति भन्ने बुझ्नु पर्छ।

गोरखापत्र संस्थान २०२०

परिच्छेद - २

## नीतिको मूल सिद्धान्त, पत्रकारिताको मूल्य र मानव नियन्त्रण

### ७. नीतिको मूल सिद्धान्त

गोरखापत्र संस्थानमा एआईको प्रयोग देहायका मूल सिद्धान्तमा आधारित रहनेछ । यी सिद्धान्तहरू सम्पूर्ण नीति कार्यान्वयनको आधार हुनेछन् :

७.१ एआई सहायक उपकरण मात्र हुनेछ ।

एआईलाई पत्रकार, सम्पादक, विश्लेषक वा निर्णयकर्ता ठानिने छैन । एआई केवल समाचार सङ्कलन, लेखन, सम्पादन, शीर्षक सिफारिस, अनुवाद, विश्लेषण, वितरण, अभिलेखीकरण, तस्बिर, चित्र, ग्राफिक्स, ध्वनि, भिडियो लगायतमा सहयोगी उपकरणका रूपमा मात्रै प्रयोग गरिनेछ । एआईले स्वतः तयार गरेका कुनै पनि समाचार, लेख, सम्पादकीय, विश्लेषण, दृष्टिकोण वा संस्थागत धारणा प्रकाशन गर्न पाइने छैन ।

७.२ मानव सम्पादकीय नियन्त्रण अनिवार्य हुनेछ ।

एआई प्रयोगबाट तयार वा संशोधित प्रत्येक सामग्रीमा मानव सम्पादकीय नियन्त्रण अनिवार्य हुनेछ ।

यसअन्तर्गत, तथ्य परीक्षण, भाषा तथा सन्दर्भको मूल्याङ्कन, निष्पक्षता र सन्तुलनको परीक्षण, कानुनी र नैतिक जोखिमको पहिचानका साथै मानव पत्रकार वा सम्पादकबाट नभई कुनै सामग्री प्रकाशन गर्न पाइने छैन ।

७.३ सत्यता र शुद्धताको सर्वोच्चता

७.३.१ गोरखापत्र संस्थानको पत्रकारिता सत्यता, प्रमाण र तथ्यमा आधारित रहनेछ ।

७.३.२ एआई प्रणालीले कहिलेकाहीँ गलत, अपूर्ण वा अनुमानमा आधारित जानकारी उत्पादन गर्न सक्ने भएकाले एआईद्वारा उत्पन्न कुनै पनि जानकारीलाई स्वतः सत्य मानिने छैन ।-

७.३.३ एआई प्रयोग गरिएको सामग्रीमा दोहोरो तथ्य परीक्षणलाई प्राथमिकता दिइनेछ ।

७.४ निष्पक्षता, सन्तुलन र समावेशिता

एआई प्रणालीमा समावेश गरिएका डाटा, तालिम सामग्री वा एल्गोरिदममा पूर्वाग्रह हुन सक्ने सम्भावनालाई ध्यानमा राख्दै संस्थानले देहायका विषय सुनिश्चित गर्नेछ :

७.४.१ जाति, लिङ्ग, भाषा, धर्म, क्षेत्र वा समुदायप्रति भेदभाव नहुने ।

७.४.२ राजनीतिक, सामाजिक वा सांस्कृतिक पूर्वाग्रह नराखिने ।

७.४.३ अल्पसङ्ख्यक र सीमान्तकृत समुदायका आवाजको सम्मान हुने ।

७.५ पारदर्शिता र जवाफदेहिता

एआई प्रयोग गरिएको सामग्री पाठकलाई भ्रम नपर्ने गरी प्रस्तुत गरिनेछ । एआईको न्यूनतम प्रयोग गरिने छ । अवस्थामा आवश्यक परे पाठकलाई सो सम्बन्धी जानकारी गराइनेछ । एआईको प्रयोगबाट कुनै त्रुटि, विवाद वा कानुनी प्रश्न उत्पन्न भएमा त्यसको जवाफदेहिता गोरखापत्र संस्थान र सम्बन्धित सम्पादक तथा पत्रकार, कर्मचारी तथा प्राविधिककै हुनेछ ।

७.६ सार्वजनिक सेवा पत्रकारिताको संरक्षण

गोरखापत्र संस्थान सार्वजनिक सेवा पत्रकारिताको वाहक भएकाले एआई प्रयोग गर्दा देहायका मूल्यलाई क्षति पुग्न दिइनेछैन :

७.६.१ सार्वभौम सत्ता ।

७.६.२ अखण्डता ।



गोरखापत्र संस्थान २०२०

७.६.३ लोकतान्त्रिक मूल्य ।

७.६.४ सार्वजनिक हित ।

७.६.५ सूचनाको अधिकार ।

७.६.६ प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रता ।

व्यावसायिक सुविधा वा समय बचतको नाममा सार्वजनिक उत्तरदायित्व कमजोर पार्ने गरी एआई प्रयोग गर्न पाइने छैन ।

**८. पत्रकारिताका मूल्य र एआईको प्रयोग**

८.१ समाचार सङ्कलनमा एआई

समाचार सङ्कलन प्रक्रियामा एआईको प्रयोग देहायका कार्यमा सीमित रहनेछ :

८.१.१ पृष्ठभूमि जानकारी खोज ।

८.१.२ पुराना अभिलेख विश्लेषण ।

८.१.३ डाटा सेटको प्रारम्भिक छानबिन ।

समाचार स्रोतको पहिचान, प्रत्यक्ष संवाद, अन्तर्वार्ता तथा रिपोर्टिङमा एआई प्रयोग न्यूनतम  र सहयोगीका रुपमा सीमित गरिनेछ ।

८.२ समाचार लेखन र सम्पादन

एआईको प्रयोग प्रारम्भिक मसौदा तयार गर्न, शीर्षक, उपशीर्षक वा सारांश सुझाव दिन, भाषा, व्याकरण र शैली सुधार गर्न प्रयोग गरिने छ । तर, अन्तिम लेखन, सन्दर्भ मिलान र सम्पादकीय निर्णय मानव पत्रकारकै हुनेछ ।

८.३ सम्पादकीय, विचार र दृष्टिकोण

सम्पादकीय, विचार, स्तम्भ, विश्लेषण तथा संस्थागत धारणा पूर्ण रूपमा मानवद्वारा तयार गरिनेछ ।
यी सामग्रीमा एआईको प्रयोग केवल :

८.३.१ पृष्ठभूमि सामग्री सङ्कलन ।

८.३.३ तथ्य सूचीकरणसम्म सीमित रहनेछ ।

८.४ साहित्यिक र सिर्जनात्मक सामग्री

मधुपर्क, युवामञ्च, मुना, शनिबार परिशिष्टाङ्क, नयाँ नेपाललगायतका साहित्यिक तथा सिर्जनात्मक प्रकाशनमा एआई प्रयोग गर्दा विशेष सावधानी अपनाइने छ । साहित्यिक रचनामा एआईको स्वतः सिर्जना प्रयोग गर्दा लेखकत्व, मौलिकता र बौद्धिक सम्पत्तिसम्बन्धी विषयलाई प्राथमिकताका साथ मूल्याङ्कन गरिनेछ ।

**९. मानव केन्द्रित दृष्टिकोण**

गोरखापत्र संस्थानमा एआई प्रयोगको केन्द्रमा मानव, समाज, पाठक/दर्शक, कर्मचारी तथा पत्रकार रहनेछन् । एआईको प्रयोगले पत्रकारको व्यावसायिक क्षमता वृद्धि गर्न, गुणस्तरीय पत्रकारितालाई समयमै पाठकसम्म पुऱ्याउन, पहुँच र समावेशिता विस्तार गर्न मात्र योगदान दिनुपर्नेछ । मानव निर्णय, संवेदनशीलता, नैतिक विवेक र सामाजिक सन्दर्भको स्थान एआईले लिन सक्दैन भन्ने तथ्यलाई नीति कार्यान्वयनको मूल आधार मानिनेछ ।

गोरखापत्र संस्थान २०२०

परिच्छेद - ३

## एआई प्रयोग गर्न मिल्ने क्षेत्र, निषेधित प्रयोग र विषयगत व्यवस्था

१०. एआई प्रयोग गर्न मिल्ने क्षेत्रहरू

गोरखापत्र संस्थानमा एआई (एआई) को प्रयोग देहायका क्षेत्रमा, यस नीतिमा उल्लिखित सर्त र मापदण्डको अधीनमा रही गर्न सकिनेछ ।

१०.१ मिडिया अन्तरवस्तु (सहायक रूपमा)

एआईको प्रयोग देहायका कार्यमा गर्न सकिनेछ :

१०.१.१ मिडिया अन्तरवस्तुको मसौदा तयार गर्न ।

१०.१.२ शीर्षक, उपशीर्षक तथा सारांशको सुझाव लिन ।

१०.१.३ भाषा, व्याकरण, वाक्य संरचना तथा शैली सुधारका लागि सुझाव लिन ।

१०.१.४ समाचारको संरचना वा प्रवाह सुदृढ गर्न ।

तर एआईद्वारा तयार गरिएको सामग्रीलाई जस्ताको तस्तै प्रकाशन गर्न पाइने छैन । सम्पूर्ण सामग्री मानव पत्रकार वा सम्पादकबाट पुनरावलोकन, सम्पादन र स्वीकृति भएपछि मात्र प्रकाशन गर्न सकिनेछ । तर चित्र, तस्विर, स्केच, ग्राफिक्स, इन्फोग्राफिक्सका लागि आवश्यक व्यावसायिक तवरले विवेकपूर्ण निर्णय लिन सकिने छ ।

१०.२ अनुवाद र बहुभाषिक सामग्री

नेपाली/अङ्ग्रेजी वा अन्य भाषामा सामग्री अनुवाद गर्दा एआईको प्रयोग गर्न सकिनेछ । तर अनुवादको अन्तिम परीक्षण मानव सम्पादकबाट हुनुपर्छ । सन्दर्भ, भावार्थ र सांस्कृतिक अर्थ बिग्रन नदिने सुनिश्चित गर्नुपर्नेछ । विशेष गरी सरकारी सूचना, संवेदनशील समाचार तथा कानुनी विषयमा एआई अनुवाद प्रयोग गर्दा विशेष सावधानी अपनाउनु पर्नेछ ।

१०.३ डाटा पत्रकारिता र अनुसन्धान

एआईको प्रयोग, ठूलो परिमाणको डाटा विश्लेषण गर्न, तथ्यको वर्गीकरण गर्न, प्रवृत्ति (ट्रेन्ड) पहिचान गर्न, अभिलेख व्यवस्थापनका लागि गर्न सकिनेछ । डाटाबाट निकालिएको निष्कर्षलाई मानव पत्रकारद्वारा पुष्टि नगरी प्रकाशन गर्न पाइने छैन ।

१०.४ डिजिटल प्रकाशन र व्यवस्थापन

एआईको प्रयोग देहायका डिजिटल कार्यमा गर्न सकिने छ :

१०.४.१ सामग्री वर्गीकरण र ट्यागिङ ।

१०.४.२ सर्च इन्जिन अप्टिमाइजेसन (एसइओ) सुझाव ।

१०.४.३ पाठक पहुँच विश्लेषण (व्यक्तिगत डाटा प्रयोग नगरी) ।

यस प्रक्रियामा पाठकको गोपनीयता उल्लङ्घन नहुने व्यवस्था अनिवार्य गरिने छ ।

**१०.५ पहुँच विस्तार र समावेशिता**

एआईको प्रयोग दृष्टिविहीन वा फरक क्षमता भएका पाठकका लागि अडियो संस्करण, लामो सामग्रीको सारांश र सहज भाषामा सूचना प्रस्तुतिका लागि गर्न सकिनेछ, जसले सार्वजनिक सूचनामा पहुँच विस्तार गर्न सहयोग पुग्नेछ ।

**११. निषेधित प्रयोग**

गोरखापत्र संस्थानमा देहायका कार्यमा एआईको प्रयोगमा कडाइका साथ निषेध गरिनेछ ।

११.१ झुटा वा भ्रामक सामग्री

गलत, अपुष्ट वा अनुमानमा आधारित समाचार उत्पादन, तथ्य नपुगेको विषयलाई सत्यजस्तो प्रस्तुत गर्ने, अफवाह वा भ्रम सिर्जना गर्ने लगायतका कार्यलाई झुटा वा भ्रामक सामग्री मानिनेछ ।

११.२ नक्कली स्रोत र सामग्री

नक्कली अन्तर्वार्ता, काल्पनिक उद्धरण, अस्तित्वमा नभएका स्रोतको नाम प्रयोगलाई नक्कली स्रोत र सामग्री मानिनेछ ।

११.३ दृश्य सामग्रीमा दुरुपयोग

वास्तविक घटनाजस्तो देखिने एआई निर्मित फोटो वा भिडियो, समाचारमा प्रयोग हुने फोटो/भिडियोमा एआईद्वारा हेरफेर, पाठकलाई भ्रमित गर्ने दृश्य प्रस्तुतिलाई दृश्य सामग्रीमा दुरुपयोग मानिनेछ ।

११.४ सम्पादकीय धारणा र संस्थागत मत

सम्पादकीय, विचार, टिप्पणी वा संस्थागत धारणा एआईबाट लेखाउने, राजनीतिक वा वैचारिक निष्कर्ष एआईमार्फत निर्धारण गर्ने

११.५ बालबालिका लक्षित सामग्री

बालबालिका लक्षित मिडिया अन्तरवस्तु वा कार्यक्रम उत्पादनमा एआई प्रयोग गर्दा विशेष संवेदनशीलता आवश्यक हुने भएकाले :

११.५.१ असावधानीपूर्वक एआई प्रयोग निषेध ।

११.५.२ बालबालिकाको गोपनीयता उल्लङ्घन हुने कुनै पनि प्रयोग निषेध ।

**१२. फोटो, भिडियो र दृश्य सामग्रीसम्बन्धी व्यवस्था**

१२.१ समाचारका रूपमा प्रस्तुत गरिने सबै फोटो, चित्र, स्केच, ग्राफिक्स र भिडियो वास्तविक घटनामा आधारित हुनुपर्नेछ ।

१२.२ एआई निर्मित तस्बिर, ग्राफिक्स वा दृश्य सामग्री प्रयोग गर्दा :

१२.२.१ त्यो सामग्री एआईबाट तयार गरिएको हो भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

१२.२.२ उक्त सामग्री समाचारको तथ्य प्रमाणका रूपमा प्रस्तुत गर्न पाइने छैन ।

१२.३ फोटो पत्रकारिता, भिडियो रिपोर्टिङ र प्रत्यक्ष दृश्य अभिलेखमा एआई प्रयोग गरी हेरफेर गर्न निषेध गरिनेछ ।

**१३. साहित्यिक, सिर्जनात्मक र बाल सामग्री**

मधुपर्क, युवामञ्च, मुना, शनिबार परिशिष्टाङ्क, नयाँ नेपाललगायतका साहित्यिक तथा सिर्जनात्मक प्रकाशनमा एआई प्रयोग गर्दा देहायका कुरा अनिवार्य रूपमा पालना गर्नुपर्नेछ :

१३.१ लेखकत्व र मौलिकताको स्पष्टता ।

१३.२ बौद्धिक सम्पत्तिको संरक्षण ।

१३.३ सिर्जनात्मक श्रमको अवमूल्यन नहुने व्यवस्था ।

एआईले स्वतः सिर्जना गरेको साहित्यिक सामग्रीलाई लेखकको नाममा प्रकाशन गर्न पाइने छैन । यदि प्रकाशन भएमा त्यस्तो लेखक तथा सामग्रीको पारिश्रमिक रोकिने छ ।

**१४. सामाजिक सञ्जाल सामग्री**

सामाजिक सञ्जालका लागि मिडिया अन्तरवस्तु तयार गर्दा एआई प्रयोग गर्न सकिनेछ । तर, समाचारको मूल आशय नबिग्रने, भ्रामक वा उत्तेजक प्रस्तुति नहुने, संस्थागत धारणा स्पष्ट रहने सुनिश्चित गर्नुपर्नेछ ।

# गोपनीयता, डाटा सुरक्षा, बौद्धिक सम्पत्ति, कानुनी दायित्व र जोखिम व्यवस्थापन

## १५. गोपनीयता र व्यक्तिगत डाटा संरक्षण

गोरखापत्र संस्थानले एआई प्रयोग गर्दा स्रोत, पाठक, कर्मचारी तथा सरोकारवालाको गोपनीयतालाई उच्च प्राथमिकता दिनेछ ।

### १५.१ समाचार स्रोतको गोपनीयता

कुनै पनि समाचार स्रोतको पहिचान खुल्ने गरी एआई प्रणालीमा डाटा प्रविष्ट गर्न, बाह्य एआई उपकरणमा सामग्री अपलोड गर्न, स्वचालित विश्लेषण गराउन पाइने छैन । गोप्य, संवेदनशील वा जोखिममा पर्न सक्ने स्रोतसम्बन्धी सूचना एआई प्रयोगबाट पूर्ण रूपमा बाहिर राखिनेछ ।

### १५.२ पाठक तथा प्रयोगकर्ताको डाटा

एआई प्रयोग गर्दा पाठकको व्यक्तिगत पहिचान खुल्ने डाटा, लोकेसन, सम्पर्क विवरण, व्यवहारसम्बन्धी सूचना, सङ्कलन, विश्लेषण वा प्रयोग गर्न पाइने छैन । पाठकको डाटा एआई प्रणालीमा प्रयोग गर्दा न्यूनतम डाटा सिद्धान्त (डाटा मिनिमाइजेसन) अपनाइनेछ ।

### १५.३ कर्मचारीसम्बन्धी डाटा

पत्रकार तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन, निगरानी, अनुशासनात्मक निर्णय लिन एआई प्रयोग गर्न पाइने छैन । एआईलाई मानव संसाधन व्यवस्थापनमा निर्णयकर्ता बनाइने छैन ।

## १६. डाटा सुरक्षा व्यवस्था

१६.१ एआई प्रयोगका लागि प्रयोग गरिने डाटा सुरक्षित सर्भर र प्रणालीमा मात्र भण्डारण गरिनेछ ।

१६.२ असुरक्षित, अज्ञात वा अविश्वसनीय एआई प्लेटफर्ममा संस्थागत सामग्री अपलोड गर्न निषेध गरिनेछ ।

१६.३ साइबर जोखिम न्यूनीकरणका लागि नियमित सुरक्षा परीक्षण, पहुँच नियन्त्रण र प्रणाली अद्यावधिक गरिनेछ ।

## १७. बौद्धिक सम्पत्ति अधिकार

### १७.१ गोरखापत्र संस्थानको सामग्री बौद्धिक सम्पत्तिका रूपमा सुरक्षित रहनेछ ।

संस्थानको सामग्री, एआई मोडेल प्रशिक्षण, बाह्य एआई प्रणालीमा पुनःप्रयोग, गर्न अनुमति दिइने छैन । त्यसका लागि संस्थागत निर्णय र कानुनी सहमति आवश्यक पर्नेछ ।

### १७.२ एआई सहयोगी सामग्रीको लेखकत्व

एआईको सहयोगमा तयार गरिएको सामग्रीको लेखकत्व :

१७.२.१ सम्बन्धित मानव पत्रकार वा सम्पादककै हुनेछ ।

१७.२.२ एआईलाई लेखक वा सह-लेखकका रूपमा उल्लेख गरिने छैन । तर सहयोगीका रुपमा तयार गरिएको उल्लेख गरिनेछ ।

### १७.३ प्रतिलिपि अधिकार उल्लङ्घन

एआई प्रयोग गर्दा अरूको सामग्री नक्कल, अनुमति बिना पुनःउत्पादन, बौद्धिक सम्पत्ति अधिकार उल्लङ्घन हुने गरी प्रयोग गर्न पाइने छैन ।

## १८. कानुनी दायित्व र उत्तरदायित्व

१८.१ एआई प्रयोगबाट प्रकाशित सामग्रीसम्बन्धी सबै कानुनी दायित्व गोरखापत्र संस्थानकै हुनेछ ।

१८.२ मानहानि, गोपनीयता उल्लङ्घन, कपीराइट उल्लङ्घन वा कानुनी विवाद उत्पन्न भएमा एआई प्रणालीलाई दोषी ठहर गरिने छैन । सम्बन्धित पत्रकार, सम्पादक, कर्मचारी, प्रविधिक र संस्थागत संयन्त्र जिम्मेवार हुनेछन् ।

१८.३ प्रचलित कानुनसँग सामञ्जस्य

एआई प्रयोग गर्दा, नेपालको संविधान, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी कानुन, पत्रकार आचारसंहिता, सूचना तथा साइबर सुरक्षासम्बन्धी कानुन, प्रतिलिपि अधिकारसम्बन्धी लगायतका कानुनको पालना अनिवार्य हुनेछ ।

**१९. जोखिम पहिचान र व्यवस्थापन**

१९.१ एआई प्रयोगसम्बन्धी सम्भावित जोखिमहरू

तथ्यगत त्रुटि, पूर्वाग्रहयुक्त सामग्री, गोपनीयता उल्लङ्घन, प्रविधिमाथि अत्यधिक निर्भरता, पहिचान गरी न्यूनीकरण गरिनेछ ।

१९.२ जोखिम न्यूनीकरण उपाय

एआई प्रयोगअघि जोखिम मूल्याङ्कन, संवेदनशील विषयमा अतिरिक्त सम्पादकीय निगरानी, नियमित समीक्षा र सुधार अपनाइनेछ ।

**२०. आपतकालीन व्यवस्था**

एआई प्रयोगबाट गम्भीर त्रुटि, भ्रम वा कानुनी जोखिम उत्पन्न भएमा :

२०.१ तुरुन्त सामग्री सच्याउने वा हटाउने ।

२०.२ सार्वजनिक रूपमा स्पष्टीकरण दिने ।

२०.३ आन्तरिक छानबिन गर्ने ।

## संस्थागत संरचना, कार्यान्वयन संयन्त्र, तालिम, अनुगमन, मूल्याङ्कन र नीति पुनरावलोकन

### २१. संस्थागत संरचना

२१.१ एआई नीति कार्यान्वयन तथा अनुगमन उप समिति

यस नीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि गोरखापत्र संस्थानमा 'एआई नीति कार्यान्वयन तथा अनुगमन उप समिति' गठन गरिनेछ ।

उक्त उप समितिको संरचना देहायबमोजिम हुनेछ,

- २१.१.१ गोरखापत्र दैनिक, प्रधान सम्पादक - संयोजक
- २१.१.२ दि राइजिङ नेपाल, प्रधान सम्पादक - सदस्य
- २१.१.३ डिजिटल माध्यम प्रमुख - सदस्य
- २१.१.४ प्राविधिक/आईटी प्रमुख - सदस्य
- २१.१.५ कानुनी सल्लाहकार - सदस्य
- २१.१.६ मानव संसाधन प्रमुख - सदस्य
- २१.१.७ आवश्यकतानुसार आमन्त्रित विज्ञ - सदस्य

२१.२ उप समितिको काम, कर्तव्य र अधिकार

उप समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ,

- २१.२.१ एआई नीति कार्यान्वयनको समन्वय र अनुगमन गर्ने
- २१.२.२ संस्थानमा प्रयोग भइरहेका एआई उपकरणहरूको सूची तयार गरी अद्यावधिक गर्ने
- २१.२.३ एआई प्रयोगसम्बन्धी जोखिम मूल्याङ्कन गर्ने
- २१.२.४ विवाद, गुनासो वा उल्लङ्घनसम्बन्धी विषयमा सिफारिस गर्ने
- २१.२.५ आवश्यक परे निर्देशिका, कार्यविधि वा आन्तरिक मार्गदर्शन तयार गर्ने

### २२. कार्यान्वयन संयन्त्र

२२.१ यस नीति स्वीकृत भएसँगै गोरखापत्र संस्थानका सबै प्रकाशन तथा विभागमा लागू हुनेछ ।

२२.२ प्रत्येक सम्पादकीय विभागले एआई प्रयोगसम्बन्धी आन्तरिक अभ्यास यस नीतिअनुसार समायोजन गर्नुपर्नेछ ।

२२.३ एआई प्रयोग गर्नुअघि, उपकरणको प्रकृति, प्रयोगको उद्देश्य, सम्भावित जोखिम, सम्बन्धित सम्पादकीय नेतृत्वलाई जानकारी गराउनु अनिवार्य हुनेछ ।

### २३. क्षमता अभिवृद्धि र तालिम

२३.१ गोरखापत्र संस्थानको 'गोरखापत्र एकेडेमी' ले पत्रकार, सम्पादक र कर्मचारीका लागि एआईसम्बन्धी नियमित तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

२३.२ तालिमका प्रमुख विषयहरू,

- २३.२.१ एआईको आधारभूत अवधारणा
- २३.२.२ पत्रकारितामा एआईको सुरक्षित प्रयोग
- २३.२.३ जोखिम, पूर्वाग्रह र नैतिक चुनौती
- २३.२.४ तथ्य परीक्षण र मानव नियन्त्रण



गोरखापत्र संस्थान २०२०

**२४. रोजगारी सुरक्षा र सीप विकास**

२४.१ एआईको प्रयोगले गोरखापत्र संस्थानमा कार्यरत पत्रकार तथा कर्मचारीको रोजगारी असुरक्षित बनाइने छैन ।

२४.२ एआईलाई मानव श्रम विस्थापन गर्ने साधन होइन दक्षता र गुणस्तर वृद्धि गर्ने उपकरणका रूपमा प्रयोग गरिनेछ ।

२४.३ सीप विकास, पुनःतालिम र क्षमता अभिवृद्धिलाई प्राथमिकता दिइनेछ ।

**२५. अनुगमन र मूल्याङ्कन**

२५.१ एआई नीति कार्यान्वयनको वार्षिक अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

२५.२ मूल्याङ्कनका आधार,

२५.२.१ पत्रकारिताको गुणस्तर

२५.२.२ तथ्यगत शुद्धता

२५.२.३ पाठकको विश्वास

२५.२.४ कानुनी तथा नैतिक जोखिमको अवस्था

**२६. नीति उल्लङ्घन र कारबाही**

२६.१ यस नीतिको उल्लङ्घन गरी एआई प्रयोग गरेको पाइएमा प्रचलित कानुन र संस्थागत नियमअनुसार कारबाही गरिनेछ ।

२६.२ उल्लङ्घनका प्रकारअनुसार, चेतावनी, सुधारात्मक निर्देशन, अनुशासनात्मक कारबाही गर्न सकिनेछ ।

२६.३ अन्तिम कारबाही गर्नुअघि सम्बन्धित पक्षलाई सफाइको मौका दिइने छ ।

**२७. गुनासो र समाधान**

२७.१ एआई प्रयोगसम्बन्धी कुनै गुनासो, शङ्का वा उजुरी प्राप्त भएमा नीति कार्यान्वयन समितिले छानबिन गर्नेछ ।

२७.२ आवश्यक परे बाह्य विज्ञको राय लिई समाधान प्रस्ताव गरिनेछ ।

**२८. नीति पुनरावलोकन**

२८.१ प्रविधिको विकास, कानुनी परिवर्तन वा संस्थागत आवश्यकताअनुसार यो नीति समय-समयमा पुनरावलोकन गरिनेछ ।

२८.२ सामान्यतया प्रत्येक दुई वर्षमा नीति पुनरावलोकन गरिनेछ ।

**२९. विविध**

२९.१ यस नीतिमा उल्लेख नभएका विषयमा गोरखापत्र संस्थानको विद्यमान नियम, सम्पादकीय नीति र प्रचलित कानुन लागू हुनेछ ।

२९.२ यस नीति र अन्य आन्तरिक नीतिबीच द्वन्द्व देखिएमा यस नीतिको प्रावधान लागू हुनेछ ।

२९.३ यो नीति गोरखापत्र संस्थान सञ्चालक समितिले पारित गरेको मितिबाट लागू हुने छ ।

२९.४ आवश्यक परेमा यस नीतिमा संशोधन गर्ने अधिकार सञ्चालक समितिमा हुनेछ ।

२९.५ यस नीतिमा उल्लेख नभएका कुनै विषय उपर निर्णय गर्नु परेमा सञ्चालक समितिले आवश्यक निर्णय गर्नुपर्ने छ ।

यो नीति गोरखापत्र संस्थानलाई एआईको जिम्मेवार प्रयोगमार्फत विश्वसनीय, मानव-केन्द्रित र सार्वजनिक उत्तरदायित्वयुक्त पत्रकारिताको मार्गमा अघि बढाउने आधार दस्तावेज हो ।



गोरखापत्र संस्थान २०२०